"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं.
च.नं.

## आय ठेक्का बन्दोबस्तीको बोलपत्र आह्वान सम्बन्धी सूचना

पुनः सूचना प्रकाशित मितिः २०८३/०३/१९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम आ.व.२०८३/८४ र २०८४/८५ गरि दुई आर्थिक वर्षका लागि तिलोत्तमा नगरपालिकाले निर्माण, रेखदेख र संचालन गरेका हाटबजारमा बहाल बिटौरी शुल्क उठाउने कार्यको तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम ठेक्का बन्दोबस्ति प्रकृयाबाट गराउनुपर्ने भएकोले देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु

१. निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको राजश्व खाता नं. १०५२०५५४९९५९९०१२ मा तोकएको दस्तूर (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद तथा मुल्य अभिवृद्धि करमा दर्ता भई नविकरण गर्नुपर्ने भए नविकरण समेत भएको फर्म वा प्रा.लि. दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर प्रमाणपत्र र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात मिति २०८३ असार २५ गते कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ ।

२. दुई आर्थिक वर्षको लागि ठेक्काको न्युनतम अंक देहाय बमोजिम रहेको छ ।

३.

| आय ठेक्का नं. | विवरण | न्युनतम अंक रु. | धरौटी | बोलपत्र दस्तूर रु. |
|---|---|---|---|---|
| ०४/२०८३/८४ | सेमरा (सोमबार, विहीवार) | ५६,००,०००.०० | | ३०००.०० |
| | भलवारी (बुधवार) | | | |
| ०५/२०८३/८४ | कोटीहवा (शनिबार) | ५३,५४,०००.०० | | ३०००.०० |
| | बनकट्टी (सोमवार, विहीवार) | | | |
| ०६/२०८३/८४ | कान्छिबजार (शुक्रबार, मंगलबार) | ३३,९०,०००.०० | | ३०००.०० |
| | रामनगर (शनिवार) | | | |
| | शिवपुर (शुक्रवार) | | | |
| | भुल्का (विहीवार) | | | |
| | नौ नम्बर (बुधवार, आईतवार) | | | |

४. बोलपत्र फारममा आफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी लेखी सहीछाप गरी फारमसाथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. एप्सिए ५४९९५९९५२४०३ मा जम्मा गरेको सक्कलै भौचर वा नब्बे दिनको म्याद भएको बैंक र बोलपत्र खरिद गरेको नगदी रसिद समेत एउटै खामभित्र राखेर सिलवन्दी गर्नुपर्नेछ । सिलबन्दी खामको बाहिरपट्टी एकातर्फ बोलपत्रदाताको नाम ठेगाना र अर्कोतर्फ तिलोत्तमा नगरपालिकालाई सम्बोधन गरी

ठेक्का नं. र ठेक्काको नाम समेत उल्लेख गर्नपर्नेछ । बोलपत्र फाराममा कबोल रकम लेख्दा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ ।

४. सूचना प्रकाशन भएको मितिले ८ औं दिन अर्थात मिति २०८३ असार २६ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा पनि सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौताका बखत आफुले बुझाउन कबोल गरेको रकमको पचास प्रतिशतले हुन आउने रकम प्रथम किस्ता (आर्थिक वर्ष २०८३/८४ का लागि) बापत नगरपालिकाको खातामा दाखिला गरी सोको नगदी रसिद र दाखिला गर्न बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले २०८४ श्रावण मसान्त सम्म म्याद सहित यस कार्यालयको नाममा जारी गरेको सक्कलै बैंक जमानत पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । ठेक्काको कबोल रकम सम्झौताका बखत एकमुष्ठ रुपमा दाखिला गर्न पनि सकिनेछ । तर एकमुष्ठ रुपमा दाखिला गरे बापत कुनै प्रकारको छुट हुने छैन ।

७. दाखिला गर्न बाँकी अन्तिम किस्ता (आर्थिक वर्ष २०८४/८५ का लागि) रकम २०८४ आषाढ २० गते भित्र दाखिला गरी आर्थिक वर्ष २०८४/८५ लागि ठेक्का नवीकरण गर्नुपर्नेछ । उक्त अवधिमा रकम दाखिला हुन नआएमा बैंक जमानतबाट असुल गरिनेछ ।

८. न्युनतम अंकमा मू.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको डेढ प्रतिशत (१.५%) ले हुने अग्रिम आयकर बापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर बापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्काको कूल अवधि दुई आर्थिक भएता पनि सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

११. यस सूचनामा उल्लेख विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२. हाटबजार रहेका वडाका कृषकले उत्पादन गरेको उपज बिक्री गर्नका लागि कूल बैठकीको पाँच प्रतिशत बैठकी त्यस्ता कृषकलाई मात्र नि:शुल्क रुपमा उपलब्ध गराउनुपर्नेछ ।

१३. तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला

वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ ।

१४. हाटबजारका व्यापारीसँग समन्वय गरी उचित शुल्क लिएर हाटबजारमा रहेको खानेपानीको महशुल बुझाउने, धारा तथा शौचालयको सामान्य मर्मत गर्ने, शौचालय र फोहरमैलाको व्यवस्थापन गर्ने कार्य बोलपत्रदाता आफैले गर्नुपर्नेछ । खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१५. हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र बढिमा पच्चिस वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ । व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ । व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नबुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१६. हाटबजार ठेक्कामा पार्किङ्ग शुल्क उठाउने कार्य समावेस नभएका हुँदा यी ठेक्का लिएकै आधारमा पार्किङ्ग शुल्क उठाउन पाईने छैन ।

१७. यस सूचनामा उल्लेख भएका विषयहरु यसै बमोजिम र नभएका विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत